upload.wikimedia.org

बीउमा कृषकको नियन्त्रण

भारतको अनुभव

कमलेश अधिकारी
पुष्प शर्मा

कुनै व्यक्ति वा संस्थाले कुनै नयाँ वस्तु वा प्रविधिको सिर्जना गरेर त्यस्तो सिर्जनाको उत्पादन, बिक्रीवितरण, आदि गर्न चाहे उक्त व्यक्ति वा संस्थालाई सरकारले प्रदान गर्ने एक किसिमको एकाधिकारलाई बौद्धिक सम्पत्ति अधिकार भनिन्छ । यस्तो अधिकार सिर्जना गरिएको वस्तु वा प्रविधिलाई जनसेवामा ल्याउन उत्प्रेरित गर्ने उद्देश्यले राज्यले आवश्यक कानुन निर्माण गरी निश्चित शर्तमा निश्चित अवधिको लागि प्रदान गर्दछ ।

नेपाललगायत विश्वका १५२ राष्ट्रहरू सदस्य रहेको विश्व व्यापार संगठन (World Trade Organization- WTO) को बहुपक्षीय व्यापारिक संरचनाभित्र व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकार सम्झौता (Agreement on Trade-Related Aspects of Intellectual Property Rights- TRIPS) पर्दछ । यस सम्झौताले मुख्य रूपमा वस्तु र प्रविधि विकासको क्षेत्रमा सिर्जनशीलताको संरक्षण र प्रवर्द्धन तथा सिर्जित प्रविधिहरूको हस्तान्तरण एवम् प्रयोगलाई व्यापक बनाएर अन्तर्राष्ट्रिय व्यापारलाई बौद्धिक सम्पत्ति अधिकारको कार्यान्वयनमार्फत् सुदृढ गर्ने उद्देश्य लिएको छ । सो सम्झौताले कृषि क्षेत्र समेतलाई समेटेको हुँदा बीउमाथि नियन्त्रणको मुद्दा महत्वपूर्ण बहसको विषय बनेको छ ।

बौद्धिक सम्पत्ति अधिकार सम्झौताअन्तर्गतको एउटा विकल्पअनुरूप प्रदान गरिनुपर्ने प्रजनकको अधिकारको प्रयोगबाट प्रजनकले आफूले विकास गरेको नयाँ जातको बीउको उत्पादन, प्रयोग, पुनःप्रयोग र बिक्रीवितरणमा कानुनी रूपमा निश्चित समयका लागि एकाधिकार प्राप्त गर्दछ । प्रायःजसो त्यस्तो एकाधिकार प्राप्त गरेपछि प्रजनकले बीउ जोगाउने, पुनःप्रयोग गर्ने, साटासाट गर्ने, बिक्रीवितरण गर्ने तथा संरक्षित बिरूवाको जातलाई प्रजनन गर्नेजस्ता कृषकका परम्परागत अधिकारहरूको प्रयोगमा रोक लगाउने गर्दछ । यस्तो व्यवस्थाका कारण बीउको आपूर्तिको लागि हरेक वर्ष कृषक औपचारिक बीउ बजारमा आश्रित हुनुपर्ने हुँदा कृषकहरूको बीउमा नियन्त्रण गुम्ने र परनिर्भरता बढ्ने हुन्छ ।

नेपालजस्ता परम्परागत कृषि प्रणालीमा आधारित मुलुकका कृषकले खाद्यान्न उब्जाउने काम मात्र नगरी परापूर्वकालदेखि बीउ उत्पादन, संचय, साटासाट, पुनःप्रयोग र बिक्रीवितरण गर्दै आएका छन् । तर जैविक प्रविधिको विकास र बौद्धिक सम्पत्ति अधिकारको बढ्दो प्रयोगसँगै सन् १९६० को दशकदेखि विश्वव्यापीरूपमा नै बीउको उत्पादन र बिक्रीवितरणमा निजी क्षेत्रको प्रभुत्व बढ्दै गएको छ ।

उदाहरणका लागि, दक्षिण एसियामै हेर्ने हो भने भारतको संगठित औपचारिक बीउ बजारमा निजी क्षेत्रको प्रभुत्व बढ्दै गइरहेको छ । यस्तो प्रभुत्व खाद्यबालीका बीउको सन्दर्भमा त अझ बढी छ । त्यसकारण परम्परागत कृषि प्रणाली भएका नेपालजस्ता राष्ट्रले बौद्धिक सम्पत्ति अधिकारको व्यवस्थाका कारण कृषक अधिकारमा पर्न सक्ने नकारात्मक असरहरूको पहिचान गरी कृषक अधिकार संरक्षण गर्ने उपायहरूको कार्यान्वयन गर्नु आवश्यक छ । जस्तैः यस्ता राष्ट्रले बीउ र कृषक अधिकारसम्बन्धी कानुनहरूको पुनरावलोकन गरी कृषकमैत्री कानुनी र संस्थागत संरचना निर्माण गर्नुपर्दछ । यस सन्दर्भमा नेपालका लागि भारतको अनुभव महत्वपूर्ण छ ।

भारतद्वारा व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकार सम्झौताको कार्यान्वयन

व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकार सम्झौता सन् १९९५ मा विश्व व्यापार संगठनको स्थापनासँगै एउटा बहुपक्षीय र बाध्यात्मक सम्झौताको रूपमा आएको हो । विश्व व्यापार संगठनको हरेक सदस्य राष्ट्रले सो सम्झौताका प्रावधानहरूको कार्यान्वयन गर्नुपर्दछ । सम्झौताको धारा २७ मा के-कस्ता वस्तु र प्रविधिमा पेटेन्ट अधिकार नदिए पनि के-के मा चाहिँ त्यस्तो अधिकार दिनैपर्छ भनी केही प्रावधानहरू राखिएको कारण यस धाराले कृषक अधिकारको सवालमा विशेष महत्व राख्दछ (बक्स १) ।

विश्व व्यापार संगठनको प्रत्येक सदस्य राष्ट्रले बौद्धिक सम्पत्ति अधिकार सम्झौताको कार्यान्वयन गर्नैपर्ने भए पनि त्यस्तो कार्यान्वयन सबै सदस्य राष्ट्रले संगठनको सदस्यता लिएपश्चात् तत्कालै गरिहाल्नुपर्ने बाध्यता भने छैन । सदस्य राष्ट्रहरूको विकासको स्तर हेरी उक्त सम्झौता कार्यान्वयनको समय सीमा अलग-अलग तोकिएको छ ।

भारत सन् १९९५ देखि विश्व व्यापार संगठनको सदस्य राष्ट्र रहिआएको छ । विकासोन्मुख सदस्य राष्ट्र भएको कारण भारतलाई व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकार सम्झौताको कार्यान्वयन गर्नु नपर्ने छुट सन् २००० सम्म मात्र थियो । त्यसैले भारतले सन् २००१ देखि लागू हुने गरी बिरूवाको जात संरक्षण तथा कृषक अधिकार ऐन कार्यान्वयनमा ल्याएको छ । नेपालजस्ता अल्पविकसित राष्ट्रलाई भने जुलाई २०१३ सम्म सम्झौता कार्यान्वयन गर्नु नपर्ने छुट दिइएको छ ।

कृषक अधिकार संरक्षणका पक्षमा भारतको बिरूवाको जात संरक्षण तथा कृषक अधिकार ऐन

सन् १९८० को दशकसम्म भारतमा बिरूवा प्रजनन तथा बीउको विकास र बजारीकरणजस्ता कार्यमा निजी क्षेत्रको संलग्नता थिएन । औपचारिक रूपमा सरकारी निकायको केही संलग्नता भए पनि परम्परागत र अनौपचारिक रूपमा कृषकहरू आफैंले नै मौसम र परिस्थिति हेरी बीउको विकास र उपयोग गर्दै आएका थिए । त्यस्तै कृषि उत्पादन, खाद्य सुरक्षा र जीविकोपार्जनका लागि कृषकहरूले निर्वाध रूपमा बीउ संचय, पुनःप्रयोग, साटासाट र बिक्रीवितरण पनि गर्दै आएका थिए । तर भारतले सन् १९८८ मा ल्याएको नयाँ बीउ नीतिले देशमा विद्यमान परम्परागत बीउ प्रणालीमा परिवर्तन ल्याउने प्रयास गऱ्यो ।

सन् १९८५ मा गठन भएको भारतीय बीउ संगठनले बिरूवा प्रजनन तथा बीउ विकास र बजारीकरणजस्ता कार्यमा निजी क्षेत्रले प्रवेश पाउनुपर्ने र त्यस्तो प्रवेशलाई कानुनी रूपमा प्रवर्द्धन गर्न प्रजनकको अधिकारको व्यवस्था गरिनुपर्ने माग राख्दै आएका कारण नयाँ बीउ नीतिले निजी क्षेत्रलाई बिरूवा प्रजनन तथा बीउ विकास र बजारीकरणका लागि अनुमति प्रदान गऱ्यो । त्यसपछि सन् १९९४ मा बीउमा प्रजनकको अधिकार स्थापित गराउन भारतमा एउटा कानुनको मस्यौदा तयार गरियो । उक्त मस्यौदा तयार गर्नुका पछाडि बिरूवाको नयाँ जात संरक्षणका लागि अन्तर्राष्ट्रिय संगठन (International Union for the Protection of New Plant Varieties- UPOV) द्वारा पारित यूपोभ महासन्धिको स्पष्ट प्रभाव रहेको थियो (बक्स २) ।

हुन त भारतको बीउविजनसम्बन्धी मस्यौदा १९९४ ले बीउमा प्रजनकको अधिकार स्थापित हुने व्यवस्था गरे पनि कृषक अधिकारका लागि प्रावधानहरू राख्दै नराखेको भने थिएन । उदाहरणको लागि, यस मस्यौदामा कृषकहरूले बीउ प्रयोग, संचय र साटासाट गर्न पाउने व्यवस्था गरिएको थियो । त्यस्तै बीउको प्रयोगबाट जो कसैले लाभ प्राप्त गरेको ठहर भए लाभको केही अंश कृषकले पाउने व्यवस्था पनि गरिएको थियो ।

तर सो मस्यौदाले बीउमा कृषकको स्वामित्व हुनुपर्ने र कृषकले पनि बिरूवाको जात दर्ता गर्न पाउनुपर्ने सम्बन्धमा व्यवस्था नगरेको जस्ता कारणहरू देखाई भारतीय गैरसरकारी संस्थाहरूले यसको कार्यान्वयन गरिनुहुन्न भनी विरोध गरे । त्यस्तै निजी क्षेत्रले पनि यस मस्यौदाले बिरूवा प्रजनन तथा बीउमा अनुसन्धान र विकासको क्षेत्रमा लगानी बढाउनका लागि पर्याप्त व्यवस्था नगरेको भनी परिमार्जनका लागि सुझाव दिए । त्यसपछि भारतको कृषि मन्त्रालयले सन् १९९६ मा पहिलो र सन् १९९७ मा दोस्रो संशोधन गरी यस मस्यौदालाई छलफलका लागि ल्यायो । तर यी दुवै संशोधनले पनि गैरसरकारी संस्थाहरूको मागलाई सम्बोधन नगरेको भनी सम्बन्धित संस्थाहरूले त्यसको विरूद्धमा आवाज उठाइ नै रहे ।

बक्स १ बौद्धिक सम्पत्ति अधिकार सम्झौताको धारा २७ मा भएको व्यवस्था

बौद्धिक सम्पत्ति अधिकार सम्झौताको धारा २७ मा भएको पेटेन्टसम्बन्धी व्यवस्थाले कुनै पनि प्रविधिको क्षेत्रमा कुनै पनि वस्तु वा प्रक्रिया पेटेन्टयोग्य हुन सो वस्तु वा प्रक्रियाले तीन वटा शर्तहरू (नयाँ हुनुपर्ने, सिर्जनात्मक कदमको प्रयोग भएको हुनपर्ने र औद्योगिक उपयोगिता भएको हुनुपर्ने) पूरा गर्नुपर्छ भनी उल्लेख गरेको छ । साथै सम्झौताले यी शर्तहरू पूरा गरेको वस्तु वा प्रक्रियाको उपयोगमा तिनको सिर्जना गर्ने कम्पनीले कम्तिमा २० वर्षका लागि पेटेन्ट प्राप्त गर्ने व्यवस्था पनि गरेको छ ।

वनस्पति र जनावरका सम्बन्धमा सम्झौताको धारा २७.३ (ख) अनुसार विश्व व्यापार संगठनका सदस्य राष्ट्रले आफ्नो राष्ट्रको परिवेश र आवश्यकता हेरी वनस्पति, जनावर तथा यिनको उत्पादनसम्बन्धी मुलतः जैविक प्रक्रियाहरूमा पेटेन्ट अधिकार प्रदान गर्न वा नगर्न कानुनी व्यवस्था गर्नुपर्दछ । तर सुक्ष्मजीवाणु, गैरजैविक प्रक्रिया र सुक्ष्म जैविक प्रक्रियामा भने पेटेन्ट अधिकार प्रदान गर्ने व्यवस्था गर्नैपर्दछ । त्यसैगरी उक्त धाराले बिरूवाको जातमा पेटेन्ट प्रदान गर्नैपर्ने बाध्यात्मक अवस्था सिर्जना नगरे पनि पेटेन्ट वा "प्रभावकारी" मौलिक पद्धति वा दुवैको संयोजन भएको व्यवस्थामध्ये कुनै एक विकल्पको माध्यमबाट बिरूवाको जातमा बौद्धिक सम्पत्ति अधिकार भने प्रदान गर्नैपर्ने कानुनी व्यवस्था गर्न निर्देशित गरेको छ । तर "प्रभावकारी" शब्दको व्याख्या नगरेकाले यस शब्दलाई आ-आफ्नै किसिमले अर्थ लगाउन सक्ने छुट सबै सदस्य राष्ट्रहरूले प्राप्त गरेका छन् । उदाहरणको लागि, सदस्य राष्ट्रहरूले मौलिक किसिमबाट त्यस्तो किसिमको बिरूवाको जात संरक्षण ऐनको व्यवस्था गर्न सक्दछन् जसले प्रभावकारी रूपमा प्रजनकको अधिकार मात्रको व्यवस्था नगरी बीउमाथि कृषक अधिकार पनि सुनिश्चित गर्न सक्दछ ।

यी प्रावधानहरूको कार्यान्वयन हरेक सदस्य राष्ट्रले सम्झौता कार्यान्वयनका लागि पाएको छुटको अवधिभित्र अनिवार्य रूपमा राष्ट्रिय कानुन बनाई गर्नुपर्दछ ।

picasaweb.google.com

त्यसैले उक्त मस्यौदालाई तेस्रो पटक संशोधन गरियो । तेस्रो संशोधनले मस्यौदाको शीर्षकमा नै "कृषक अधिकार" उल्लेख गरेको भए पनि मुख्यतया निम्न चार कारणहरूले गर्दा सो मस्यौदा अझै पनि अपूर्ण रहेको भन्ने विरोधमा नागरिक समाजले विशाल प्रदर्शन गऱ्यो ।

- कृषकलाई उचित रूपमा पर्याप्त संरक्षण प्रदान नगरी निजी क्षेत्रको हितलाई मात्र प्रवर्द्धन गरेको ।
- आनुवंशिक स्रोतको व्यापारिक प्रयोगबाट सिर्जित लाभको बाँडफाँड सम्बन्धमा गरिएका व्यवस्थाहरू अस्पष्ट र अप्रभावकारी रहेको ।
- कानुन संशोधनका लागि स्थापित गराउन खोजिएको सरकारी परिषद्मा कृषकको सहभागिता र भूमिका नराखिएको ।
- कृषकका जात दर्ताका लागि व्यवस्था नगरिएको ।

यसरी भएको विरोधपश्चात् भारत सरकारले एउटा विशेष समिति बनाई देशभरीका विभिन्न क्षेत्रबाट प्रतिक्रिया र सुझाव संकलन गर्न सो समितिलाई निर्देशन प्रदान गऱ्यो । केही समयपछि उक्त समितिले तयार पारेको प्रतिवेदनमा आधारित भएर भारत सरकारले एउटा अर्को मस्यौदा तयार पाऱ्यो र सन् १९९९ मा त्यसलाई संसदमा पेश गऱ्यो । तर संसदले सो विधेयकलाई अनुमोदन गर्नुअघि नै सन् २००० मा भारत सरकारले त्यसलाई पुनः संशोधन गरी प्रजनक र कृषक दुवैको हितमा हुने किसिमको कानुनी संयन्त्रका रूपमा विकास गर्ने प्रयास गऱ्यो । अन्ततः उक्त विधेयकमा कृषक अधिकारका लागि एउटा छुट्टै परिच्छेद समावेश गरी सन् २००१ मा बिरूवाको जात संरक्षण र कृषक अधिकार ऐन (Plant Variety Protection and Farmers' Rights Act- PPVFR Act) पारित गरियो ।

भारतले यो कृषकमैत्री ऐन विश्व व्यापार संगठनको व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकार सम्झौताको धारा २७.३(ख)मा उपलब्ध विकल्पहरूमध्ये "आफ्नो परिस्थिति सुहाउँदो (*sui generis*) विकल्प"को प्रयोग गरेर कार्यान्वयनमा ल्याएको हो । यस ऐनले भारतीय कृषकको बीउ जगेर्ना, प्रयोग, पुनःप्रयोग, साटासाट र बिक्रीवितरण गर्न पाउने परम्परागत अधिकारको पहिचान र संरक्षणका अतिरिक्त कृषकका अन्य अधिकारहरू सुनिश्चित गर्न कानुनी रूपमा संस्थागत व्यवस्था गरेको छ (बक्स ३) ।

यसरी बिरूवाको जात संरक्षणसम्बन्धी मस्यौदाका शुरूका संस्करणहरूमा कृषक अधिकारको विषयले महत्व नपाए पनि पछिल्ला संशोधनहरूमा कृषक अधिकारसम्बन्धी व्यवस्थाहरू गरेर भारतले कृषकमैत्री ऐन कसरी निर्माण गर्न सकिन्छ भन्ने उदाहरण पेश गरेको छ ।

बक्स २ यूपोभ महासन्धि र भारतको बीउविजनसम्बन्धी मस्यौदा १९९४

बिरूवाको जात संरक्षण ऐनको मुख्य उद्देश्य प्रजनकलाई बौद्धिक सम्पत्ति अधिकार प्रदान गरी बीउ कम्पनीको हितलाई विश्व बीउ बजारमा प्रवर्द्धन गर्नु हो । यस्तो ऐनलाई विश्वव्यापी रूपमा लागू गर्न विशेषगरी विकसित राष्ट्रहरूबीच सन् १९६१ देखि विकास हुँदै आएको संस्थागत अन्तर्राष्ट्रिय समझदारीअनुरूप यूपोभ महासन्धिको विकास भएको हो । सन् १९६८ देखि कार्यान्वयनमा आएको यूपोभ महासन्धिको सन् १९७२, १९७८ र १९९१ मा गरी तीनपटक संशोधन भएको छ । हाल यस महासन्धिका सदस्य राष्ट्रको संख्या ६७ रहेको छ ।

यूपोभ महासन्धिको मुख्य उद्देश्य बीउ विकास र सिर्जनामा प्रजनकको योगदानलाई कदर गर्दै सिर्जना गरिएको नयाँ बीउमा प्रजनकलाई बौद्धिक सम्पत्ति अधिकार प्रदान गर्नु हो । यूपोभका पुराना संस्करणहरू निकै हदसम्म कृषक अधिकारमैत्री थिए । तर सन् १९७८ र १९९१ मा भएका संशोधनहरूले यस महासन्धिलाई कडा र प्रजनकमैत्री बनाउँदै कृषक अधिकारलाई कुण्ठित पारेका छन् । उदाहरणको लागि, यूपोभका पुराना संस्करणहरूले निश्चित शर्तमा कृषकलाई खेतमा लगाएको बालीको बीउ जोगाउने र पुनःप्रयोग गर्ने छुट प्रदान गरेका थिए । तर यूपोभ १९९१ ले कृषकले खेतमा जोगाएको संरक्षित बालीको बीउको पुनःप्रयोग गर्न समेत निश्चित रकम तिनुपर्ने व्यवस्था गर्नुका साथै अन्य विभिन्न प्रावधानहरू संशोधन र थप गरेर नयाँ बीउका लागि प्रदान गरिने बौद्धिक सम्पत्ति अधिकारलाई झन् कडा र व्यापक बनाएको छ । यो महासन्धि कृषक अधिकार र खाद्य सुरक्षाजस्ता जीविकोपार्जनका अत्यन्त महत्वपूर्ण र संवेदनशील विषयहरूमा मौन छ ।

भारतले सन् १९९४ मा तयार पारेको बीउविजनसम्बन्धी मस्यौदा यूपोभ महासन्धिमा आधारित थियो । बिरूवाको नयाँ जात संरक्षण र कृषक अधिकार ऐन २००१ को पहिलो मस्यौदाको रूपमा आएको उक्त दस्तावेजको नाम नै बिरूवाको जात संरक्षण ऐन थियो र कृषक अधिकार उल्लेख गरिएको थिएन ।

exportersindia.com

Bioversity International

कृषक अधिकार संरक्षणका विरूद्धमा भारतको बीउविजनसम्बन्धी विधेयक २००४

भारतमा करीब ७० प्रतिशत बीउको आपूर्ति कृषकहरूको बीउ जगेर्ना, प्रयोग, पुनःप्रयोग, साटासाट र बिक्रीवितरण गर्नेजस्ता परम्परागत अभ्यासका माध्यमबाट भइरहेको छ । त्यस्तै भारतमा उपलब्ध वानस्पतिक आनुवंशिक स्रोतको संरक्षण र दिगो उपयोगमा पनि भारतीय कृषकका त्यस्तै परम्परागत अभ्यासहरूको मुख्य योगदान रहेको छ । त्यसैले यस्ता अभ्यासहरू निरन्तर रूपमा अघि बढाउन पाउने कृषकको अधिकारले भारतको कृषि विकास र खाद्य सुरक्षामा धेरै ठूलो महत्व राख्दछ । त्यसमाथि कृषकलाई यस्तो अधिकारबाट वञ्चित गर्नु भनेको हरेक नयाँ बाली लगाउनका निम्ति प्रत्येक पटक कृषकले बजार धाउनुपर्ने स्थितिको सिर्जना गर्नु मात्र नभई वानस्पतिक आनुवंशिक स्रोतको संरक्षणलाई महत्व नदिनु पनि हो । भारतजस्तो सिमान्तकृत कृषकहरूको बाहुल्यता भएको देशमा कृषकहरूलाई निजी क्षेत्रद्वारा नियन्त्रित बीउ बजारमाथि मात्र निर्भर गराउँदा उनीहरूको जीविकोपार्जनमा पनि प्रतिकूल असर पर्न सक्दछ ।

त्यसैले बीउमा कृषक अधिकार स्थापित गरी त्यस्तो अधिकारको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ । यस पक्षलाई बिरूवाको जात संरक्षण र कृषक अधिकार ऐनले निकै हदसम्म सम्बोधन पनि गरेको छ । तर यो ऐनको तर्जुमापश्चात् भारतमा भएको अर्को विकासक्रमले यस ऐनद्वारा संरक्षित कृषक अधिकारलाई ओझेलमा पार्न सक्दछ । उक्त विषय सन् २००४ मा तयार पारिएको बीउविजनसम्बन्धी विधेयकसँग सम्बन्धित छ ।

भारतले सन् १९६६ मा पहिलो पटक बीउसम्बन्धी ऐन तर्जुमा गरेको हो । त्यसपछि विश्वव्यापीकरणको लहरसँगै स्थापना भएको विश्व व्यापार संगठनको परिवेश र सो लहरसँगै भारतको बिरूवा प्रजनन तथा बीउ विकास र बजारीकरणको क्षेत्रमा भएको विकासक्रमलाई मध्यनजर गरी भारतमा सन् २००४ मा बीउविजनसम्बन्धी विधेयक अघि सारियो ।

तर यस विधेयकमा राखिएका विभिन्न त्रुटिपूर्ण व्यवस्थाका कारण बिरूवाको जात संरक्षण र कृषक अधिकार ऐनद्वारा संरक्षित कृषक अधिकार ओझेलमा पर्न सक्ने अवस्था सिर्जना भएको छ । जस्तैः

- यस विधेयकले कुनै पनि प्रकारको बीउको व्यापार गर्न सो बीउ अनिवार्य रूपमा दर्ता गरिनुपर्ने बाध्यात्मक प्रावधान राखेको छ । विधेयकको धारा १३ अनुसार दर्ता नभएका कुनै पनि प्रकार वा जातका बीउ कसैले पनि रोप्ने वा उब्जनी गर्ने कार्यका लागि बिक्रीवितरण गर्न पाउँदैन । यो प्रावधान कृषकका जातमा समेत लागू हुन्छ । कृषकका जात समेत दर्ता गर्नैपर्ने बाध्यात्मक प्रावधान बिरूवाको जात संरक्षण

बक्स ३ भारतको बिरूवाको जात संरक्षण र कृषक अधिकार ऐनमा संरक्षित केही कृषक अधिकार

- **बीउ दर्तासम्बन्धी अधिकारः** कृषकलाई आफूले प्रजनन वा विकास गरेको बीउलाई कृषकको जातका रूपमा दर्ता र संरक्षण गर्न पाउने अधिकार छ । तर कृषकको जातमा विशिष्ट पहिचान, एकरूपता र स्थिरताजस्ता गुणहरू हुनुपर्नेछ; प्रजनकको अधिकारका लागि आवश्यक पर्ने नौलोपनाको गुण भने आवश्यक पर्ने छैन ।
- **लाभको बाँडफाँडसम्बन्धी अधिकारः** यस ऐनअन्तर्गत दर्ता भएका बीउको छनौट वा संवर्द्धनमा कृषकको योगदान प्रमाणित भए उक्त कृषकलाई निष्पक्ष र समन्यायिक रूपमा बीउको उपयोगबाट सिर्जित लाभको हिस्सा प्राप्त गर्ने अधिकार छ ।
- **क्षतिपूर्तिसम्बन्धी अधिकारः** कृषकलाई प्रजनकले दर्ता गरेको बीउको गुणस्तरबारे जानकारी पाउने अधिकार छ । यदि प्रजनकले दिएको जानकारीअनुरूपको उत्पादन नभई हानी नोक्सानी भए कृषकलाई क्षतिपूर्ति पाउने अधिकार छ । त्यस्तै प्रजनकले परम्परागत बीउ प्रयोग गरी नयाँ बीउको विकास र दर्ता गरेको भए र कुनै समुदाय विशेषलाई सोबाट क्षति पुगेको भए उक्त समुदायलाई क्षतिपूर्ति पाउने अधिकार छ ।
- **बीउ उपलब्धतासम्बन्धी अधिकारः** प्रजनकले दर्ता गरेको बीउलाई पर्याप्त मात्रा र उचित मूल्यमा आपूर्ति गर्न नसके दर्ता भएको तीन वर्षपश्चात् सो बीउमा प्रजनकको अधिकार कायम रहने छैन र अनिवार्य इजाजत पत्र जारी गरी बीउ उपलब्ध गराइने छ ।
- **सजायबाट बच्न पाउने अधिकारः** कृषकले कुनै बदनियत नराखि अज्ञानतावश प्रजनकको अधिकार हनन गरेको ठहर भए कुनै सजाय पाउने छैन ।
- **निःशुल्क सेवासम्बन्धी अधिकारः** कृषकले आफ्नो बीउ दर्ता गर्ने प्रक्रियामा कुनै प्रकारको शुल्क बुझाउनुपर्ने छैन ।

र कृषक अधिकार ऐनमा उल्लेख भएको स्वेच्छाले दर्ता गर्न पाउने प्रावधानको विरूद्धमा छ । साथै भारतमा अधिकांश कृषकहरू आर्थिक रूपमा असक्षम र अनपढ भएका कारण उनीहरू बीउ दर्ता प्रक्रियाका कठिनाइहरू बारे जानकार हुँदैनन् र बीउ दर्ता गर्न नसक्दा उनीहरूको बीउ बेच्ने र साटासाट गर्ने कार्य ठप्प हुन सक्दछ ।

- यस विधेयकको धारा ४३ अनुसार दर्ता गरिएको व्यापारिक बीउ कृषकले संचय, पुनःप्रयोग र साटासाट गर्ने छुट पाए पनि त्यस्तो बीउ बिक्रीवितरण गर्न भने बीउसम्बन्धी कम्तीमा अंकुरण (germination), भौतिक शुद्धता (physical purity) र आनुवंशिक शुद्धता (genetic purity) जस्ता मापदण्डहरू पुरा गरेको हुनुपर्दछ । तर अधिकांश भारतीय कृषकहरूमा त्यस्ता मापदण्डहरूको प्राविधिक दक्षता नहुने हुँदा बिरूवाको जात संरक्षण र कृषक अधिकार ऐनले प्रदान गरेको बीउसम्बन्धी कृषक अधिकार कुण्ठित हुनेछ ।

- यस विधेयकले सबै कृषकलाई व्यावसायिक मान्दै कृषकले पनि बीउ उत्पादक, प्रशोधनकर्ता र बीउ व्यापारी सरह सबै नियमको पालना गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।

- बिरूवाको जात संरक्षण र कृषक अधिकार ऐनअन्तर्गत दर्ता नभएको जात यस विधेयकअन्तर्गत दर्ता गर्न सकिन्छ । साथै जात दर्ता गर्दा बिरूवाको जात संरक्षण र कृषक अधिकार ऐनमा जस्तो सो जातको विकास गर्न प्रयोग गरिएको स्रोत यस विधेयकअन्तर्गत खुलाउनु पर्दैन र दर्ता गर्न खोजिएको जातमाथि आफ्नो अधिकार रहेको तथ्यको प्रमाण पनि पेश गर्नुपर्दैन । यस्तो प्रावधानले गर्दा बीउ कम्पनीहरूले कृषकका जातसहित सार्वजनिक जानकारीमा रहेका वनस्पतिको व्यावसायीकरण गर्न वा सम्बन्धित कसैको पूर्व सुसूचित सहमति नलिई र लाभको बाँडफाँड पनि नगरी अर्को कुनै नयाँ जात विकास गर्न सक्दछन् । यसले जैविक चोरीलाई बढाउन सक्दछ ।

- यस विधेयकले बीउको मूल्य नियमन गर्ने व्यवस्था नगरी बीउ कम्पनीहरूलाई मनपरी मूल्य तोक्न सक्ने छुट प्रदान गरेको छ ।

- यस विधेयकले दर्ता भएको कुनै जातको दर्ता अवधि एकपटकको लागि उत्ति नै अवधिको लागि थप गर्न सकिने प्रावधान राखेको छ । यस्तो प्रावधानले बीउ कम्पनीहरूलाई आफ्नो एकाधिकार अझ बलियो पार्न मद्दत गर्नुका साथै नयाँ र अझ राम्रा जातका बीउ विकास गर्ने कार्यलाई दुरूत्साहित गर्न सक्दछ । जात दर्ताको समयावधि थप गर्न सकिने प्रावधान बिरूवाको जात संरक्षण र कृषक अधिकार ऐनले प्रदान गरेको दर्ता अवधिसँग पनि मेल नखाने हुन्छ ।

- यस विधेयकमा दर्ता गरिएको बीउको प्रयोगबाट कृषकलाई हानी-नोक्सानी पुग्न गएमा कृषकलाई क्षतिपूर्ति प्राप्त गर्ने अधिकार छ । तर मस्यौदामा यससम्बन्धी गरिएको व्यवस्था स्पष्ट छैन जसको कारण कृषकले मुद्दा मामिलामा प्रशस्त समय र पैसा खर्च गर्नुपर्ने हुन सक्दछ । साथै यस्तो क्षतिपूर्तिसम्बन्धी मुद्दा भारतको उपभोक्ता संरक्षण ऐन १९८६ अन्तर्गत चल्ने भनिएकोले यो प्रक्रिया धेरै लामो र झन्झटिलो बन्न सक्दछ । त्यसमाथि भारतका उपभोक्ता अदालत बीउसम्बन्धी मुद्दाहरूको छिनोफानो गर्ने कार्यमा अनुभवी पनि छैनन् ।

- यस विधेयकमा जो कोहीले पनि कानुनको उल्लंघन गरेको खण्डमा प्राप्त गर्ने सजाय बिरूवाको जात संरक्षण र कृषक अधिकार ऐनमा भन्दा कम राखिएको छ । यसले गर्दा बीउ कम्पनीका सम्भावित जथाभावी क्रियाकलापहरूलाई नियन्त्रण गर्न अप्ठ्यारो पर्न सक्दछ ।

कृषक अधिकार संरक्षणका लागि भारतको प्रतिबद्धता

बीउविजनसम्बन्धी विधेयक २००४ ले कृषक अधिकार संरक्षणको विरूद्धमा व्यवस्थाहरू गरेकोले भारतीय कृषक र गैरसरकारी संस्थाहरूले उक्त विधेयकको संशोधन हुनुपर्ने माग गरेपश्चात् भारत सरकारले सो विधेयकको पुनरावलोकन गर्न संसदीय स्थायी समितिलाई जिम्मा दियो । सो समितिले भारतका धेरैजसो कृषकहरूको अवस्था एवम् मुलुकमा परम्परागत कृषि प्रणालीको भूमिकालाई मध्यनजर गरी सन् २००६ मा त्यससम्बन्धी प्रतिवेदन तयार पार्‍यो । उक्त प्रतिवेदनबमोजिम सन् २००८ मा बीउविजनसम्बन्धी विधेयकलाई कृषक अधिकारमैत्री बनाउँदै संशोधन गरिए पनि हालसम्म त्यसलाई लागू गरिएको छैन ।

नेपालको लागि पाठ

नेपालको कृषि क्षेत्रको अवस्था भारतको कृषि क्षेत्रसँग मिल्दोजुल्दो छ । भारतमा जस्तो नेपालका अधिकांश कृषकको जीविकोपार्जनको आधार पनि परम्परागत कृषि प्रणाली नै हो । अझैपनि लगभग ९३ प्रतिशत नेपाली कृषक बीउ संचय, पुनःप्रयोग, साटासाट र अनौपचारिकस्तरमा किनबेच गरी खाद्यान्न उत्पादन गर्दछन् र ७ प्रतिशतभन्दा कम नेपाली कृषकहरू मात्र औपचारिक क्षेत्रबाट उपलब्ध हुने जातको बीउ प्रयोग गर्दछन् । परापूर्वकालदेखि नै नेपाली कृषकहरूले बाली विविधताको संरक्षण गर्नुका साथै प्रजनकको हैसियतले बीउहरूको विकास र उपयोग गरी मुलुककै खाद्य सुरक्षामा पनि उल्लेखनीय योगदान पुर्‍याँउदै आएका छन् ।

त्यसैले नयाँ बीउ विकासका लागि आवश्यक लगानी र प्रविधिलाई आकर्षित गर्न नीतिगत र कानुनी पहल गर्दा कृषकका बीउ र वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अधिकारहरू हनन हुन नदिनेतर्फ विशेष ध्यान दिनु जरूरी छ । भारतको अनुभवले पनि यो देखाइसकेको छ ।

नेपालमा वि.सं. २०४५ मा जारी भएको र वि.सं. २०६६ मा पहिलोपटक संशोधन गरिएको बीउविजन ऐन २०४५ कार्यान्वयनमा रहेको छ । विश्व व्यापार संगठनको सदस्य राष्ट्रको हैसियतले कार्यान्वयनमा ल्याउनुपर्ने बिरूवाको जात संरक्षणसम्बन्धी ऐनको मस्यौदा तयार गरिएको भए पनि विश्व व्यापार संगठनकै निर्णयबमोजिम नेपालले वि.सं. २०७० को साउनसम्म उक्त ऐन कार्यान्वयन नगरे हुन्छ ।

तर देशको कृषि परिवेश र विश्वव्यापीकरणका कारण कृषकलाई पर्न सक्ने असरलाई मध्यनजर गरी बीउविजन ऐनअन्तर्गत जारी गर्नुपर्ने नियमावलीमा कृषक अधिकार संरक्षणका लागि विशेष व्यवस्थाहरू गर्न कृषि तथा सहकारी मन्त्रालय र बीउविजन गुणस्तर नियन्त्रण केन्द्रले पहल भने शुरू गरिसकेका छन् ।

यस परिप्रेक्ष्यमा नेपाल सरकार र अन्य सम्बन्धित सरोकारवालाले केही महत्वपूर्ण पक्षहरूमा ध्यान दिनुपर्ने देखिन्छ । जस्तैः

- भारतमा बिरूवाको जात संरक्षण तथा कृषक अधिकार ऐन कृषकमैत्री हुनुको एउटा प्रमुख कारण सो ऐन निर्माण प्रक्रियामा भएको व्यापक छलफल हो । भारतको उक्त कानुनले सम्बन्धित सरोकारवालाबीच सात वर्षसम्म चलेको व्यापक राष्ट्रिय बहस र छलफलपछि मात्र अन्तिम रूप पाएको थियो । तर बीउविजनसम्बन्धी विधेयक २००४ लाई भने व्यापक छलफलमा ल्याइएको थिएन र चर्को विरोधपश्चात् छलफलमा आएपछि मात्र कृषकमैत्री बनाउने प्रयासहरूलाई संस्थागत गर्न खोजिएको हो । तसर्थ नेपाल सरकारले पनि बिरूवाको जात संरक्षण

upload.wikimedia.org

र कृषक अधिकार ऐनको मस्यौदा र बीउविजनसम्बन्धी अन्य कानुनहरू तर्जुमा गर्ने क्रममा सम्बन्धित सरोकारवालाबीच व्यापक छलफल गर्नु गराउनु आवश्यक छ । यस क्रममा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको प्रभावकारी सहभागिता जत्तिको आवश्यक छ, वास्तविक कृषक समुदायको प्रतिनिधित्वको सहभागिता पनि त्यत्तिकै आवश्यक छ ।

- आवश्यक कानुन निर्माणको यस्तो प्रक्रियामा नेपाल सरकारले निजी क्षेत्रले बिरूवा प्रजनन तथा बीउ विकास र बजारीकरणमा पुऱ्याइरहेको र पुऱ्याउन सक्ने योगदानलाई मूल्यांकन गर्दै कृषक अधिकार हनन नहुने गरी प्रजनकको अधिकारको व्यवस्था गर्नुपर्दछ ।

- परम्परागत कृषि प्रणाली र कृषकहरूको परम्परागत ज्ञानलाई बिरूवा प्रजनन तथा बीउ विकासका साथै कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोगका लागि उपयोग गर्न नेपालले एकिकृत रूपमा नीतिगत र स्थानीय तहमा रणनीतिक योजनाहरू बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- नेपाल सरकारले सरकारी निकाय, निजी क्षेत्र, कृषक समुदाय र नागरिक समाजबीच सहकार्य बढाई बिरूवा प्रजनन र बीउ विकासका साथै कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोगका लागि अनुसन्धान र विकासका कार्यक्रमहरू संस्थागत रूपमा सञ्चालन र विस्तार गर्नुपर्दछ । ■

सन्दर्भ सामग्री

अधिकारी, कमलेश. २०६५. *कृषिमा बौद्धिक सम्पत्ति अधिकार र कृषक अधिकार.* नीतिसार, अंक २, पुस. काठमाडौं: सावती ।

Andersen, Regine and Tone Winge. 2009. *The Plant Treaty and Farmers' Rights: Implementation Issues for South Asia.* Discussion Paper. Kathmandu: South Asia Watch on Trade, Economics & Environment (SAWTEE).

Ravi, S. Bala. 2009. *The Conflict between Seed Bill and PPVFR Act of India: Lessons for other South Asian Countries.* Policy Brief, No. 19. Kathmandu: South Asia Watch on Trade, Economics & Environment (SAWTEE).

थप जानकारी र प्रतिक्रियाका लागि

सावती (South Asia Watch on Trade, Economics & Environment–SAWTEE)
पो.ब.नं. १९३६६, २५४ लामटाङ्गिन मार्ग, बालुवाटार, काठमाडौं
फोन: ४४१५८२४, ४४४४४३८, फ्याक्स: ४४४४५७०
ईमेल: sawtee@sawtee.org, वेब: www.sawtee.org

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एशियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीयस्तरमा विभिन्न परियोजना र कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ ।

ली-बर्ड (Local Initiatives for Biodiversity, Research and Development–LI-BIRD)
पो.ब.नं. ३२४, गैह्रापाटन, पोखरा
फोन: ६१-५३५३५७, ५२६८३४, फ्याक्स: ६१-५३९९५६
ईमेल: info@libird.org, वेब: www.libird.org

वि.सं. २०५२ मा स्थापित जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) एक गैरसरकारी संस्था हो । प्राकृतिक स्रोत, जैविक विविधता र पर्यावरणीय सेवाहरूको अनुसन्धान तथा विकासमा सहकार्य र सहभागितामूलक प्रणालीहरूको अवलम्बनबाट अवसरहरूको सिर्जना गरी गरीब तथा सिमान्तकृत वर्गको जीवनस्तर सुधार गर्दै गरिबी निवारण र सामाजिक न्यायको सुधारमा टेवा पुऱ्याउनु ली-बर्डको मूल उद्देश्य हो । कृषक, कृषक समुदाय तथा समुदायमा आधारित संघ-संस्थादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा नेपालका विभिन्न जिल्लामा यो संस्था कार्यरत छ ।

कमलेश अधिकारी सावतीमा अनुसन्धान निर्देशक र पुष्प शर्मा कार्यक्रम संयोजक हुनुहुन्छ ।
कपिराइट: सावती र ली-बर्ड, २०६६, सज्जा: इफेक्ट, मुद्रक: जगदम्बा प्रेस ।
यो नीतिसार IDRC Canada को सहयोगमा सावती र ली-बर्डको संयुक्त पहलमा संचालित तीनवर्षे परियोजना Promoting Innovative Mechanisms for Implementing Farmers' Rights through Fair Access to Genetic Resources and Benefit Sharing Regime in Nepal अन्तर्गत प्रकाशन गरिएको हो ।

यस नीतिसारमा प्रकाशित विचार तथा मान्यता लेखककै हुन्, सावती र ली-बर्डका नहुन पनि सक्छन् ।